# तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०८२।०८३

चलानी नं.: ५०७

मितिः २०८२।०९।१६

**विषयः सहभागी छनौट गरि पठाउने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै (७),
तामाकोशी गाउँपालिका, दोलखा ।

प्रस्तुत विषयमा यस गाउँपालिका र बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयकास बीचमा दलित समूदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा द्विपक्षीय सम्झौता भई चालु आ.व. २०८२।८३ मा "गरिबी निवारणका लागि चेपाङ, दलित र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" बमोजिम तपसिलका योग्यता पुगेका दलित समूदाय लक्षित क्षमता विकास तथा सीप विकास तालिम सञ्चालन प्रयोजनका लागि तपसिल अनुसारको संख्यामा इच्छुक सहभागीहरु छनौट गरी आवश्यक कागजात सहित ७ दिनभित्र यस कार्यालयको प्रसाशन/सहकारी शाखामा पठाइदिनुहुन अनुरोध छ ।

१) तपसिल (सहभागी छनौट गर्दा एकाघरको १ जना मात्र व्यक्ति छनौट गर्नुपर्ने छ ।)

| क्र.सं | वडा नं. | छनौट गर्नुपर्ने संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १, भिरकोट | १८ जना | |
| २ | वडा नं. २, झुले | ११ जना | |
| ३ | वडा नं. ३, जफे | १८ जना | |
| ४ | वडा नं. ४, मालु | १८ जना | |
| ५ | वडा नं. ५, सहरे | १८ जना | |
| ६ | वडा नं. ६, च्यामा | १० जना | |
| ७ | वडा नं. ७, हाँवा | ७ जना | |

२) छनौटको आधार (कार्यविधिको दफा ६ उपदफा (५) अनुसारः

क) सम्बन्धित वडामा बसोबास गर्ने दलित समूदायको नेपाली नागरिक

ख) १८ वर्ष पूरा भएको

ग) रोजगारीका लागि सीप विकासको अवसर खोजिरहेका र स्वरोजगारमूलक व्यवसाय र उद्यम गर्ने चाहना र रुचि भएको वा स्वरोजगारमूलक व्यवसाय वा उद्यम गरिरहेको वा गर्न इच्छुक व्यक्ति,

घ) सम्बन्धित वडाबाट सिफारिस भएको

३) संलग्न गर्नुपर्ने कागजात

क) तालिम कार्यक्रममा छनौट हुन इच्छुक सहभागीको निवेदन,

ख) नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

ग) शैक्षिक प्रमाणपत्र, तालिम वा व्यवसाय खुल्ने कागजातहरुको प्रतिलिपि (उपलब्ध भएमा)

घ) दुईप्रति पासपोर्ट साइजको फोटो

ङ) गरिब परिवार पहिचान तथा राज्य सुविधा परिचयपत्र प्राप्त व्यक्तिलाई प्राथमिकता (गरिबीको स्तर अनुसार) दिई त्यस्तो परिचयपत्र प्राप्त व्यक्ति भएमा उक्त परिचयपत्रको प्रतिलिपि

इच्छुक व्यक्तिहरुको सम्पूर्ण कागजातको फाइल तयार पारी वडा समितिको निर्णयका साथ पेस गर्नुपर्ने छ ।

सम्पर्क व्यक्तिः पवनराज फुयाल, फोकल पर्सन (सहकारी तथा गरिबी निवारण शाखा प्रमुख) ९८५१२०५६८४ (ito.tamakoshimun@gmail.com)

.........................

(अर्जुन दर्जी)

प्रमुख प्रशासकीय अधिकृत